


**Research Management Cell**
**Adarsha Multiple Campus**

**AMC Journal**
**Link : https://doi.org/10.3126/amcj.v4i1.63867**

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# आधारभूत तह (कक्षा १–३) मा नेपाली पठन सिप विकासका प्रभावकहरू

**रमेश भट्टराई***

**सार**

*प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले सम्पूर्ण सिकाइको जगका रूपमा पठन सिपको महत्त्वलाई निर्देश गरेको छ । बालबालिका नै सिकाइ र शिक्षाको गुणस्तर निर्धारणका मूल आधार हुन् । तिनको शैक्षिक गुणस्तरलाई जन्मपूर्व आमाको कोखमा रहँदा पाएको वातावरणदेखि आमाको कोखबाहिर आएपछि पाएको वातावरणले प्रभाव पारेको हुन्छ । सन्तुलित साक्षरता र पठनबोध दक्षताको अभिवृद्धिका लागि बालस्वास्थ्य, बालसुरक्षा र उसले पाएको अवसरका साथै जैविकीय प्रभावले समेत काम गरेको हुन्छ । यसर्थ प्रस्तुत अध्ययन आधारभूत तह (कक्षा १-३) को नेपाली पठन सिप विकासका प्रभावकहरूको खोजीमा केन्द्रित छ । यो अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित छ । यसमा प्राथमिक स्रोत सामग्रीका रूपमा सर्लाही जिल्लाको एउटा सामुदायिक विद्यालयलाई छनोट गरी कक्षा १, २ र ३ को अवलोकन तथा कुराकानीलाई समेत टिपोट गरिएको छ । उक्त कक्षामा अध्यापनरत दुई जना शिक्षिकासँग लिइएको अन्तर्वार्तालाई पठन कार्यकलाप सम्बद्ध सन्दर्भमा उपयोग गरिएको छ भने थप चार जना शिक्षकसँगको अनौपचारिक कुराकानीको टिपोटलाई सन्दर्भगत पुस्ट्याइँका लागि उपयोग गरिएको छ । द्वितीयक स्रोत सामग्रीका रूपमा नेपाल सरकारका दस्ताबेजलगायतका अन्य शोधपरक सामग्रीलाई उपयोग गरिएको छ । अध्ययनबाट जैविक तथा मनोवैज्ञानिक प्रभावअन्तर्गत बालमस्तिष्कीय प्रभावले पठन सिप विकासमा आन्तरिक तवरले प्रभाव पार्ने देखियो । त्यस्तै विद्यालय र समुदायले दिएको परिवेशले पठन सिप विकासमा बाह्य रूपमा प्रभाव पारेको देखियो । यसर्थ बालपठन सिप विकासमा यिनै आन्तरिक र बाह्य कारकहरूको प्रभाव रहने निष्कर्ष प्राप्त भयो ।*

* श्री रमेश भट्टराई जनज्योति बहुमुखी क्याम्पस सर्लाहीका शिक्षाशास्त्र सङ्काय तथा अनुसन्धान व्यवस्थापन एकाइ प्रमुख हुनुहुन्छ । इमेल : bhattarairamesh353@gmail.com

**मुख्य शब्दावली** : पठनतत्त्व, पठनबोध, बालमनोविज्ञान, बालविकास, सर्वाङ्गीण विकास, साक्षरता ।

## पृष्ठभूमि

बालबालिकाको शैक्षिक विकासको मूल आधार पठनबोध हो । भाषा सिकाइमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई मूल आधार मानिए पनि बालपठनको अवधारणा बोधसँग जोडिएको हुन्छ । भाषामा बोध र अभिव्यक्ति अर्थात् आदनात्मक (ग्रहण) र प्रदानात्मक प्रक्रिया समावेश हुन्छ । ग्रहण सिपभित्र श्रुति र पठन तथा अभिव्यक्ति सिपभित्र वाक् र लेखन सिप पर्छन् (शर्मा र पौडेल, २०७४, पृ. १) । बालबालिकामा लिप्यात्मक अर्थात् पाठ्य सामग्रीको स्पष्ट अर्थबोध भएमा मात्रै सिकाइको अवधारणा स्पष्ट हुन्छ । सामान्य अर्थमा आधारभूत तहको शिक्षाबाटै बालबालिकाले आधारभूत भाषिक ज्ञान हासिल गरेका हुन्छन् । यही भाषिक ज्ञानले अङ्कगणित, बौद्धिक सिप, विज्ञान, वातावरण, सूचना सञ्चारलगायतका अन्य क्षेत्रमा दक्षता विकास गर्ने मूल आधार प्रदान गरेको हुन्छ । यसर्थ भाषिक सिपमध्ये पठनबोध सम्बद्ध सिकाइलाई प्रभावकारी बनाउन सकेमा बालबालिकाको सिकाइको जग बलियो हुने भए तापनि नेपालमा नेपाली पठन सिप विकासलाई प्रभावकारी बनाउन सकेको पाइँदैन ।

पढ्न नसक्ने विद्यार्थीलाई लेखाइ सिपका कार्यकलापमा सक्रिय बनाउन सकिँदैन । पढाइ सिप परीक्षणको नतिजालाई विश्लेषण गर्दा समग्र दक्षिण एसियालगायत विश्वका अन्य विकासशील मुलुकहरूमा प्रारम्भिक कक्षाका विद्यार्थीहरू अपेक्षाभन्दा धेरै कमजोर देखिएका छन् (शिक्षा मन्त्रालय, २०७०) । यसर्थ विकासशील मुलुकले पठन सिप विकासका लागि बालबालिकाको आर्थिक, सामाजिक, पारिवारिक समस्याहरूलाई पनि एकसाथ जोडेर हेरेको देखिँदैन । नेपालमा विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले गुणस्तरीय शिक्षा विकासमा आधारभूत शिक्षालाई अब्बल बनाउने ध्येयले बालविकास सेवा विस्तारमा जोड दिएको पाइन्छ । बालविकासमा शिक्षा र समृद्धिको जनचेतना अपरिहार्य हुन्छ । शिक्षासँग जोडिने सचेतना विकासको जग पनि पठन सिप नै हो । विद्यालय क्षेत्र सुधार योजनाको क्रमिक सन्दर्भमा विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७९/०८०) ले चाहिँ नेपालमा स्तरीकृत प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कनमा जोड दियो । आधारभूत तहको सिकाइलाई गुणस्तर सुधारको जगका रूपमा बोध गरेर यस योजनाले पठनबोध, पठनप्रवाह र पठनमूल्यलाई समेट्ने कार्य गऱ्यो । आजको सन्दर्भमा पनि सम्पूर्ण सिकाइको जग नै बालपठनबोध हो तर यसलाई शैक्षिक योजनाहरूमा सम्बोधन गरे पनि अभ्यासमा जोड दिन सकेको देखिँदैन । त्यसमा पनि हाम्रो देशमा सिकाइका लागि भाषिक, सामाजिक, आर्थिक र भौगोलिक हिसाबले समान वातावरण छैन । यो विविधताले पठन सिप विकासलाई के-कसरी प्रभाव पारेको हुन्छ भन्ने सन्दर्भमा पर्याप्त ध्यान पुगेको देखिँदैन ।

दिगो विकासको लक्ष्य (सन् २०१६-२०३०) मा पूर्वप्राथमिक, आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय सुधार, साक्षरता र जीवनपर्यन्त शिक्षाका विषयहरू समावेश छन् । नेपालले यो लक्ष्य

पूर्तिका लागि आधारभूत तहका विद्यार्थीहरूमा अर्थपूर्ण पठन सिप अर्थात् पठनबोधको विकासमा जोड दिएको पाइँदैन ।

> सबैका लागि शिक्षा कार्यक्रमले सन् २०१२ मा प्रकाशन गरेको विश्व अनुगमन प्रतिवेदनअनुसार एसिया प्रशान्त क्षेत्रमा हाल विद्यालय गइरहेका बालबालिकाहरूमध्ये चार वर्ष विद्यालय धाएर पनि २० करोड बालबालिकाहरू न्यूनतम सिकाइ उपलब्धिभन्दा तल छन् अर्थात् साक्षर बन्न सकेका छैनन् । नेपालको परिवेशमा पनि सन् २००९-२०११ को अध्ययनअनुसार नेपाली स्वर वर्णलाई कक्षा ३ का विद्यार्थीले उच्चारण नै गर्न नसकेको तथा कक्षा २ का बालबालिकाले अक्षर नै नचिनेको तथ्य पेस गरिएको छ । (घिमिरे र अन्य, २०७३, पृ. ३)

नेपालमा प्रभावकारी बालशिक्षा विकासको सन्दर्भमा सहस्राब्दी विकासको लक्ष्यबमोजिम आधारभूत तथा प्राथमिक शिक्षा सम्बन्धी नीति र योजना बनाइएको पाइन्छ । यद्यपि, आधारभूत तहको शैक्षिक गुणस्तरमा सन्तोषजनक प्रगति नहुनुका विभिन्न कारणमध्ये प्राथमिक कक्षाका विद्यार्थीहरूको पढाइ सिप तथा पढ्ने बानीको अपेक्षित विकास नभएको देखिएको छ (शिक्षा विभाग, २०७४, पृ. १) । राष्ट्रिय योजना आयोगको सन् २०१० को दस्तावेजले सहस्राब्दी विकासको लक्ष्यभित्र रहेको 'सबैका लागि प्राथमिक शिक्षा' का विषयअन्तर्गत बालसाक्षरतामा जोड दिएको थियो । यद्यपि यसमा साक्षरताको जग पनि पठन सिपगत विकास नै हो । यसर्थ बालपठन सिप नै बालशिक्षालाई अब्बल बनाउने प्रत्यक्ष तथा अप्रत्यक्ष आधार रहेको तथ्य पुष्टि हुन्छ । वस्तुतः शैक्षिक गुणस्तरको जगको रूपमा प्रारम्भिक तह (कक्षा १-३) मा पठन सिप विकास अपरिहार्य देखिएको हो ।

शिक्षा मन्त्रालयले नेपालमा आधारभूत तहअन्तर्गत कक्षा १-३ मा पठन सिप विकास गर्ने अभिप्रायले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (सन् २०१४/१५-२०१९/२०) को दस्तावेज (२०७०) प्रकाशन गऱ्यो । यसकै पृष्ठभूमिमा नेपाल सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) तयार गरी कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको ढाँचा निर्माण गरेको देखिन्छ । यो पढाइ कार्यक्रमले भाषिक सिपअन्तर्गत पढाइ सिपभित्रको सस्वर र मौन पठनभन्दा बढी पठनबोध र पठनप्रवाहलाई प्रश्रय दिएको छ । एकीकृत पाठ्यक्रमको ढाँचामा पनि पठनतत्त्वका दृष्टिले अन्य विषयमा भन्दा नेपाली भाषाको पाठ्यक्रममा पठन सिपलाई विशेष ग्राह्यता दिएको देखिन्छ । कक्षा १, २ र ३ को शिक्षक निर्देशिकामा चारओटा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) तथा आठओटा भाषिक तत्त्व (ध्वनि सचेतीकरण, श्रव्यदृश्य बोध, लेख्य वर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, बोध, लेखाइ र कार्यमूलक व्याकरण) को सन्तुलित समायोजनबाट सिकाइ सहजीकरण गर्नुपर्ने मान्यता प्रस्तुत भएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७८, पृ. १) । यसर्थ बालपठनमैत्री सिकाइ प्रक्रिया नै बढी वैज्ञानिक, व्यवस्थित र नवीन देखिने हुनाले यसका प्रभावकलाई केलाउनु सान्दर्भिक हुन्छ । उल्लिखित सन्दर्भहरूका आधारमा यस अध्ययनभित्र आधारभूत तह (कक्षा १-३) को नेपाली पठन सिप विकासमा प्रभाव पार्ने पक्षहरूलाई निर्क्योल गरिएको छ ।

## अध्ययनको उद्देश्य

यो अध्ययन आधारभूत तह (कक्षा १-३) का विद्यार्थीहरूको नेपाली पठन सिप विकाससँग केन्द्रित छ। यो विषय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मूल अवधारणा र पठन सिप विकासको आधारभूत सिद्धान्तमा आधारित छ। अतः आधारभूत तह (कक्षा १-३) का विद्यार्थीहरूको नेपाली पठन सिप विकासका प्रभावहरूलाई निर्क्योल गर्नु नै यस लेखको मुख्य उद्देश्य हो।

## अध्ययनको अवधारणा

नेपाल सरकारले युएसएआईडीको प्राविधिक सहयोगमा २०७० सालमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रारम्भ गऱ्यो। यस कार्यक्रमले कक्षा १ देखि ३ सम्मका बालबालिकाको पढाइ सिप विकासमा जोड दियो। यसअघि पठन सिपलाई भाषाका चारओटा सिपमा सीमित गरिएको थियो। यही दस्ताबेजले नेपालमा पनि आधारभूत तहको पठन सिपलाई सिकाइको जग मानेर पठन सिप विकासलाई मूल केन्द्रमा राख्नुपर्ने अवधारणालाई विकसित तुल्याएको हो। यसको पृष्ठभूमिलाई हेर्दा वि.सं. २०६९ पौष ४ गते शिक्षा मन्त्रालयको निर्णयबमोजिम यस कार्यक्रमलाई विद्यालय क्षेत्र सुधार कार्यक्रमको एउटा सहयोगी कार्यक्रमका रूपमा राखियो। मूलतः विद्यार्थी सिकाइमा केन्द्रित रही शिक्षाको गुणस्तर सुधार गर्ने मूल लक्ष्य तथा कक्षा १-३ सम्मका सबै विद्यार्थीहरूको पठन सिप सुधार गर्ने उद्देश्य (अधिकारी र अन्य, २०७५, पृ. ६) बमोजिम राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको तर्जुमा भएको देखिन्छ। यो कार्यक्रमले नेपालको बालपठन सिप विकासका लागि प्रशासनिक, शैक्षिक तथा प्रयोगात्मक आधारलाई पूर्ण संरचनाभित्र समेट्न प्रयत्न गरेको देखिन्छ। यसमा ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, पठनबोध र लेखाइ सिपलाई पठन सिप विकासमा मुख्य पठनतत्त्व मानिएको छ (पूर्ववत, पृ. ५२-११३)। यी पठनतत्त्वलाई पठन सिपगत सिद्धान्त र मान्यताबमोजिम निर्क्योल गरिएको छ। निर्दिष्ट तत्त्वका आधारमा बालपठन सिपलाई व्यावहारिक, प्रयोगापेक्षी, विद्यार्थीमैत्री तथा बालमनोविज्ञानमा आधारित तुल्याउने गरी पठन सिपका विश्वव्यापी सिद्धान्तको तर्जुमा गरिएको देखिन्छ। अतः यो अध्ययन देहायबमोजिमको पढाइ सम्बन्धी विश्वव्यापी सिद्धान्त (राई र अन्य, २०७३, पृ. १-२) मा आधारित छ :

- पढाइ सिप विकास, विषयवस्तु र पढाइ प्रवाह विकासका लागि बालबालिकाको पहिलो भाषा/मातृभाषामा सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सजिलो र छिटो हुन्छ।
- भाषिक सिपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ।
- २ देखि ३ वर्षपछि पहिलो भाषाका सिप अन्य भाषामा स्थानान्तरण गर्न सजिलो हुन्छ।
- भयरहित तथा बालमैत्री तरिकाबाट सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गरिएमा बालबालिकाहरूले प्रारम्भिक तहमा नै पहिलो, दोस्रो र अन्य भाषा एकै साथ सिक्न सक्छन्।
- कम्तीमा ५ वर्षदेखि ८ वर्षसम्म मातृभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त हुन्छ।

- एकदेखि दुई वर्षको पूर्व-प्राथमिक शिक्षाले सामान्यतया कथ्य/मौखिक भाषा विकासमा सहयोग गर्दछ ।
- प्रारम्भिक कक्षाको पढाइलाई विषयकै रूपमा स्थापना गर्न सके पछिल्ला कक्षामा सिकाइ उपलब्धि हासिल गर्ने दरमा वृद्धि हुन सहयोग पुग्छ ।

उल्लिखित सिद्धान्तका साथमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले तर्जुमा गरेको आधारभूत सिद्धान्तलाई पनि यस अध्ययनको केन्द्रमा राखिएको छ । यसभित्र समतामूलक गुणस्तरीय शिक्षा, विद्यार्थी सिकाइ समयमा वृद्धि, विद्यार्थीको सक्रिय सिकाइ, विद्यार्थी सिकाइप्रतिको जवाफदेहिता, शिक्षकको पेसागत विकासमा निरन्तरता, कमजोर विद्यार्थीका लागि थप अभ्यास र निरन्तर विद्यार्थी सिकाइ मूल्याङ्कन पर्दछन् । यो कार्यक्रमले नीतिगत, संरचनागत तथा कार्यक्रमगत क्रियाकलाप र गतिविधिहरूलाई तर्जुमा गरी आवश्यक कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कनमा समन्वय (शिक्षा विभाग, २०७४, पृ. ३) गरेर नेपालमा बालपठन सिप विकासको नवीन चिन्तनलाई प्रयोगापेक्षी बनाउने अभ्यास गरेको छ । नेपालले २०७० मा यस कार्यक्रमको मुख्य दस्ताबेज बनाएर पहिलो चरणमा २०७१ देखि १६ जिल्लामा, २०७२ देखि २४ जिल्लामा र २०७४ देखि बाँकी ३५ जिल्लासम्म यो कार्यक्रमलाई लागू गर्ने (शिक्षा मन्त्रालय, २०७०, पृ. ४८) भनेको भए पनि उक्त योजनामुताबिक कार्यक्रम सञ्चालन हुन सकेन । यसपश्चात् विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा १-३ मा एकीकृत पाठ्यक्रम र कक्षा ९-१२ मा एकलपथीय पाठ्यक्रम भनेर लागू गऱ्यो । अर्को प्रसङ्गमा २०७३ बाट प्रारम्भ भएको सात वर्षे विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०) को अवधि समाप्त भई पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) को उत्तरार्धमा पनि आधारभूत तहको शिक्षाको पठन सिपगत जग निर्माणमा समस्या देखिइरहेकाले यो अध्ययनमार्फत नेपाली पठन सिपगत प्रभावकलाई केलाउनु सान्दर्भिक देखिएको हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिअन्तर्गत समीक्षात्मक तथा व्याख्यात्मक विश्लेषणमा केन्द्रित छ । यहाँ प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले तय गरेको विधि, प्रक्रिया र पठन सिपगत सिद्धान्तलाई नेपाली पठन सिपसँग जोडेर हेरिएको छ । अध्ययनमा मधेश प्रदेशअन्तर्गत लालबन्दी, सर्लाही स्थित नमुना मा.वि.को रूपमा रहेको एउटा सामुदायिक विद्यालयबाट कक्षा अवलोकन तथा शिक्षक अन्तर्वार्तामार्फत प्राथमिक स्रोत सामग्रीलाई उपयोग गरिएको छ । यस क्रममा कक्षा १, २ र ३ को नेपाली पठन सिपको कक्षा कार्यकलापबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । यहाँ अध्यापनरत दुई जना शिक्षिकाको अन्तर्वार्तालाई पनि अध्ययनमा समेटिएको छ । यसबाहेक अवलोकन टिपोटका क्रममा अन्य थप चार जना शिक्षकको अनौपचारिक कुराकानीलाई पनि तथ्यका रूपमा समावेश गरी समीक्षा गरिएको छ । यसका साथै नेपालका पठन सिप र शैक्षिक विषय क्षेत्र सम्बद्ध रहेका सरकारी दस्ताबेज, पठन सिप सम्बद्ध अनुसन्धेय सामग्री, प्रतिवेदन, नीति र योजना तथा सन्दर्भ पुस्तक आदिलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ ।

## नतिजा र छलफल

सिकाइ मनोवैज्ञानिक विषय हो। यसमा संवेग, उमेर, चेतनाको पुस्तान्तरण, जैविक परिवेशजस्ता आन्तरिक प्रभावदेखि सिकारुले पाउने भौतिक परिवेश, समय, हावापानीसमेतको प्रभाव रहन्छ। बालबालिकाले आमाको कोखमा रहँदादेखि पाएको परिवेश र जन्मपश्चात् पाएको बाह्य परिवेश दुवैले उसको सिकाइलाई प्रभाव पारेको हुन्छ। बाह्य संरचनाभित्र आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय पक्ष जोडिन्छन्। युद्ध, होहल्ला, भोकमरी, गरिबी, अशान्ति, अभावगत पीडा आदिले सिकारुको सिकाइमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। यसर्थ दिगो विकासले सन् २०३० भित्रमा सबै ठाउँमा गरिबी र भोकमरीको अन्त्य गर्ने तथा महिला र बालबालिकाको सशक्तिकरण गर्दै लैङ्गिक समानता प्रवर्द्धन गर्ने बाचा गरेको छ (गैसस महासंघ नेपाल, २०७४, पृ. ११)। उक्त संरचनागत पूर्णताका नजिकमा पुगेर प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले प्रशासनिक, शैक्षिक र पारिवारिक सह-सम्बन्धलाई जोड्ने प्रयत्न गरेको देखिन्छ। यसर्थ बालपठन सिपगत विकासमा बालकले पाएको जैविक र भौतिक दुवै प्रभावको भूमिका रहन्छ। रेनो मेयर (सन् २०१९, पृ. ६) का अनुसार नेपालले सहस्राब्दी विकास लक्ष्यअनुसार स्वास्थ्य र शिक्षामा धेरै राम्रो प्रगति त गरेको थियो तर यो सफलता क्षेत्र र सामाजिक समूहअनुसार असन्तुलित छ। यसका साथै विकासमा पछि परेका मुलुकहरू स्वास्थ्य र सरसफाइको पहुँचमा पनि धेरै पछाडि छन्। यसर्थ नेपालको दुर्गम क्षेत्रमा भएको कमजोर व्यवस्थापन तथा सुगम क्षेत्रको महङ्गीमैत्री शिक्षा र स्वास्थ्यले विकासको बहुआयामिक पक्षमा प्रभाव पारेको हुन्छ। परिणामतः महङ्गा निजी शैक्षिक संस्था र प्रभावकारी रूपमा पढाउने व्यवस्था नभएका शैक्षिक संस्थाका कारण नेपालको शिक्षामा असमानताको जग निर्माण भएको छ। यो प्रक्रिया तल्लो तहबाटै हुनुले सिकाइ परिवेशमा समानता देखिँदैन। मन्टेस्वरी पद्धति, किन्डरगार्डेन पद्धतिलगायतका अवधारणाको अवसर पाउने पहुँचवाला बालबालिका र राम्रोसँग पढाइ नै नहुने विद्यालयका बालबालिकाहरूलाई एकै ठाउँमा राखेर समान गुणस्तरको अपेक्षा गर्न सकिँदैन। वास्तवमा नेपालमा सबै सिकारुले समान रूपमा सिक्ने अवसर पाएका छैनन्। त्यस्तै गरिबी र अभावका कारण आमाको स्वास्थ्य र शिशुस्याहारमा पनि तीव्र असमानता छ। राष्ट्रिय योजना आयोग (२०७७) को दस्ताबेज प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ ले निर्क्योल गरेको ढाँचाअनुसार बालविकासका लागि पर्याप्त पोषण, संवेदनशील स्याहार, सुरक्षा र संरक्षण, उत्प्रेरणा र सिकाइ तथा राम्रो स्वास्थ्यसहितको सर्वाङ्गीण विकास (समयावधिसहितको गर्भावस्था) आवश्यक हुन्छ। तथापि, नेपालमा सन्तुलित विकासको पहुँच विस्तार भइसकेको छैन। यसरी वृद्धि र विकासको असमान परिवेश तथा सिकाइको असमान परिवेशमा हुर्केका बालबालिकाबाट समान शैक्षिक गुणस्तरको अपेक्षा गर्नु नेपालको शैक्षिक प्रणालीभित्रको ठूलो कमजोरी हो।

सन् २०३० सम्ममा हासिल गर्ने भनिएको लक्ष्यका सन्दर्भमा बहुआयामिक प्रभावकहरूलाई ध्यान दिनु अपरिहार्य देखिन्छ। यसर्थ नेपालमा भौगोलिक तथा सामाजिक संरचना र विविधतालाई समेत एकीकृत विकासको ढाँचामा आबद्ध गर्ने रणनीति आवश्यक छ। यस सन्दर्भमा स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि स्रोत पुस्तिका (२०७५) ले प्रारम्भिक बालविकासको अवधारणालाई

प्रस्ट्याएको छ । यहाँ बताइएअनुसार प्रारम्भिक बालविकासले गर्भावस्थादेखि ८ वर्ष उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण (शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक र बौद्धिक) विकास प्रक्रियालाई बुझाउँछ (श्रेष्ठ र दाहाल, २०७५, पृ. १) । यो दस्ताबेजले समेटेका सन्दर्भ र सिकाइ प्रक्रियाको सम्बन्धले प्रारम्भिक कक्षा पढाइले समेटेको प्रशासनिक, शैक्षिक तथा अभिभावकीय संरचना जसरी नै पूर्णतालाई अवलम्बन गरेको देखिन्छ । यसरी हेर्दा नेपालको सन्दर्भमा नियम निर्माण र सोको कार्यान्वयनसँगै नियमन पनि आवश्यक हुन्छ । उपभोक्ता अर्थात् सिकारुले प्रत्यक्ष अनुभूत गर्ने बहुआयामिक विषय क्षेत्रले सिकाइमा प्रभाव पार्छ । मूलतः आमाको स्वास्थ्य, बच्चाको स्वास्थ्य, पोषण, सुरक्षा र सिकाइ सम्बद्ध विषय क्षेत्रको एकीकृत सेवा वा व्यवस्थापनले समेत बालसिकाइलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याएको हुन्छ । त्यसो त प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रभावकारितालाई नेपालको सामाजिक समस्या, आर्थिक अभाव र जनचेतनाले समेत प्रभाव पारेको देखिन्छ । वास्तवमा ग्रामीण स्तरमा अभिभावक र बालबालिकालाई एकसाथ रमाएर पढ्ने परियोजना र प्रेरणाप्रद कार्यक्रमको तर्जुमा गर्दै साङ्गठनिक सुधार गरिनु आवश्यक हुन्छ । यसर्थ गरिबी निवारण र आधारभूत शिक्षाको विकासलाई विद्यार्थीका पक्षबाट मात्रै नभएर अभिभावकको आयस्तरको तहबाटै योजनाबद्ध तुल्याइनु विकासोन्मुख मुलुकको आवश्यकता हो (भट्टराई, सन् २०२१, पृ. १४३) । यसका लागि राजनैतिक सन्दर्भमा नेपालमा विकेन्द्रीकृत सत्ताको संरचना विकसित भइसकेका कारण यसभित्रका समस्या समाधानका लागि स्थानीयकरण, जनजागरण र प्रभावकारी सहभागिता आवश्यक देखिन्छ ।

उल्लिखित सन्दर्भ, विषय क्षेत्र र विश्लेषणका आधारमा आधारभूत तह (कक्षा १-३) मा नेपाली पठन सिपका प्रभावकहरूलाई जैविक तथा मनोवैज्ञानिक प्रभाव र बाह्य परिवेशगत प्रभावका आधारमा निर्क्योल गर्नु सान्दर्भिक देखिन्छ :

### जैविक तथा मनोवैज्ञानिक अर्थात् आन्तरिक प्रभाव

भाषा सिकाइमा पठनबोधको अर्थ लेखिएका कुरालाई पढेर बुझ्ने प्रक्रिया भन्ने हुन्छ । बुझाइको सन्दर्भले विशेषतः मनोवैज्ञानिक पक्षलाई समेट्छ । यसरी हेर्दा बालमनोविज्ञानलाई बालकको जैविक संरचना र परिवेशले पनि प्रभाव पार्छ । स्वस्थ र स्वच्छ परिवेशमा जन्मेहुर्केको बालबच्चा अर्थात् जन्मपूर्व र जन्मपश्चात् उसले पाएको प्राकृतिक, पारिवारिक र सामाजिक परिवेशले बालकको सिकाइ मनोविज्ञानमा प्रभाव पार्छ । बालसिकाइको गुणस्तरमा बालस्वास्थ्य पनि एक आधार हो । बालसिकाइको जगका रूपमा रहेको पठनबोध हुन शब्दपहिचानको खाँचो पर्छ । यसका लागि विसङ्केतन आवश्यक हुन्छ र बोधका लागि पठनबोध आवश्यक हुन्छ । यसर्थ बोधसहितको द्रुतपठन क्षमता अर्थात् सिपयुक्त पढाइ (खनाल, सन् २०१७) ले विद्यार्थी सिकाइलाई सबल बनाउँछ । वास्तवमा सकारात्मक बाह्य परिवेशले विद्यार्थी सिकाइलाई सबल बनाउने विषयहरू मापनीय र दृश्यात्मक अर्थात् प्रत्यक्षीकरण गर्न लायक हुन्छन् । जैविक तथा मनोवैज्ञानिक पक्षले बालबालिकाको सिकाइमा पार्ने प्रभावहरू दृश्यात्मक र प्रत्यक्ष देखिने प्रकृतिका हुँदैनन् । बाह्य वातावरणमा पनि बालबालिकाले सोच्ने, स्मरण गर्ने, सिकाइमा रुचि राख्ने, लगनशील हुने वा नहुने भन्ने विषयहरू

मनोवैज्ञानिक परिवेशमा आधारित हुन्छ । यसर्थ विद्यार्थीको मन र उसले पाएको समाजले बाह्य र आन्तरिक दुवै रूपमा प्रभाव पारेको हुन्छ । यस सन्दर्भलाई सन् २०११ मा मनोवेत्ताहरूको राष्ट्रिय संघ (NASP) ले विद्यार्थीमा बहुतहगत समस्या अर्थात् प्राज्ञिक, व्यावहारिक, सामाजिक, संवेगात्मक आवश्यकता पहिचान गर्ने र मद्दत गर्ने ढाँचालाई सुझाएका छन् । यसका साथै उनीहरूले बहुआयामिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई सिकाइका लागि समतामूलक अवसरहरू प्रदान गर्नुपर्ने तर्क पेस गरेका छन् (टोम्किन्सन, सन् २०१६) । यसर्थ बालसंवेगात्मक पक्षलाई उसको जैविक अवस्थासँग जोड्नुपर्ने देखिन्छ । यस कुरालाई नेपालका सबै विद्यालयले समान तवरमा समेटेको पाइँदैन ।

बालसिकाइ परिवेश, समग्र पारिवारिक स्वस्थता, समाजले भन्ने र प्रदान गर्ने भाषाशैली, चिन्तन आदिबाट बालमनोविज्ञानमा प्रभाव पर्छ । बालसिकाइको जग निर्माणमा विद्यालयको परिवेश र व्यवहार पनि एउटा मुख्य कारक हो । बालबालिकाको सिकाइमा उनीहरूको गरिबी, बाध्यता, स्वस्थता, उसप्रति विद्यालयभित्र र बाहिरको समाजले हेर्ने सङ्कीर्ण र नकारात्मक दृष्टिकोणसहितको भाषाले समेत प्रभाव पार्छ । यी बहुआयामगत समस्याका सन्दर्भमा ग्रामीण भेगको शिक्षा सबैभन्दा बढी प्रभावित देखिन्छ :

**विद्यालयीय घटना १**

*(कक्षा १, २ र ३ का विद्यार्थीहरूलाई शिक्षिकाहरूद्वारा विद्यालयको खेलमैदानमा राखेर शारीरिक व्यायाम गराइने क्रममा शिक्षकहरूबिचमा कुराकानी भयो । उक्त कुराका सन्दर्भमा नमुना विद्यालयमा विद्यार्थीको चाप राम्रै रहेको प्रसङ्ग चलेको थियो ।)*

*शिक्षक १ : सामुदायिक विद्यालयमा धनीमानीका विद्यार्थी पढ्न आउने होइनन् । सरकारीमा पढाउँदा पछि छात्रवृत्ति पाइएला भन्ने चाहना हुन्छ ।*

*शिक्षक २ : यहाँ जति धेरै विद्यार्थीको चाप भए पनि टेक्निकल विषयको लोभले यहाँ विद्यार्थी भर्ना हुन्छन् ।*

**विद्यालयीय घटना २**

*(एक जना विद्यार्थी बेहोस भएर ढलिछन् । त्यहाँ यस कुरालाई खासै ठूलो विषयका रूपमा लिइएन किनभने पन्ध्र सय हाराहारीमा विद्यार्थीहरू भएका कारण उहाँहरूले यस्ता घटनालाई दोहोरिरहने प्रक्रिया मानेको बुझियो ।)*

*शिक्षक ३ : हैन यी विद्यार्थीहरूले डाइटिङ गर्छन् कि क्या हो । यो (बेहोस हुने विद्यार्थीलाई सङ्केत गर्दै) त हिजो पनि ढलेकी थिई ।*

*शिक्षक ४ : हाम्रो विद्यालयमा कमसेकम एक जना नर्स चाहिन्छ भनेर नगरपालिकालाई*

*अनुरोध गरेको त हो । खाली राजनीति मात्रै हुन्छ । केटाकेटी दिनदिनै बिरामी हुन्छन् । गाह्रो छ, स्कुल चलाउनलाई ।       (अवलोकन/कुराकानी टिपोट : २०८०/०३/२४)*

माथि प्रस्तुत सूक्ष्म विचारहरूले बालसिकाइमा बहुआयामिक समस्यालाई इङ्गित गरेको देखिन्छ । शिक्षक १ ले समाजका विपन्न विद्यार्थीको बाध्यतालाई उजागर गरे । यसमा उनले नेपाली समाजमा धनी र गरिबका लागि पढ्ने विद्यालय फरक भइरहेको अघोषित सन्दर्भलाई सङ्केत गरे । शिक्षक २ ले समाजमनोविज्ञानलाई प्रस्तुत गरे भने शिक्षक ३ ले व्यक्तिमनोविज्ञानका रूपमा बेहोस हुने विद्यार्थीको बाध्यतालाई नसोचेरै आफ्नो कल्पित मनोविज्ञानलाई जोडे । शिक्षक ४ ले राजनीतिका कारण बालस्वास्थ्यमा समस्या भई शिक्षण सिकाइ प्रभावित भइरहेको प्रसङ्ग जोडे । यी विषयमा व्यक्तिगत चिन्तन, पारिवारिक अवस्था र स्वास्थ्य, समाजको परिवेश र चाहनाले प्रभाव पारेको देखिन्छ । यसर्थ जैविक आवश्यकता परिपूर्ति नगरीकन शैक्षिक गुणस्तरको अपेक्षा गर्न सकिँदैन । जैविक आवश्यकताभित्र पर्ने मानवीय आवश्यकतालाई भौतिक, सामाजिक, आर्थिक र राजनीतिक कोणबाटसमेत ख्याल गरिनुपर्छ ।

विद्यार्थीका बहुआयामिक समस्यालाई सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले पढाइ सिप सुधारका लागि प्रारम्भिक बालशिक्षा तथा बालविकासलाई जोड्ने प्रयास गरेको देखिन्छ । बालबालिकाको सिकाइ सुधारका लागि अभिभावक तथा समुदायसँग सहकार्य गर्ने र तिनको पठन सिप विकासलाई सिकाइको जगका रूपमा प्रवर्द्धन गर्ने अभिप्रायले अभिभावक र समुदायको भूमिका, कक्षाकोठाबाहिर शिक्षकको भूमिका, सामाजिक तथा सामुदायिक परिचालन र पढाइमा पारिवारिक वा घरायसी परिवेश (अधिकारी र अन्य, २०७५, पृ. १५४-१५९) आदिलाई समावेश गरिएको छ । यसर्थ प्रारम्भिक कक्षामा सिकाइको जगको रूपमा पठन सिपलाई विकास गर्नका लागि प्रारम्भिक बालविकासका आयामहरूलाई एकसाथ समावेश गर्नु सान्दर्भिक देखिन्छ ।

### *बालमस्तिष्कीय अवस्था र पठन सिप*

टोम्किन्सन (सन् २०१६) ले प्रारम्भिक पठन सिप विकासका सन्दर्भमा बालमस्तिष्कको संरचना र भाषा सिकाइको सन्दर्भलाई एकसाथ जोड्नुपर्ने मान्यता अघि सारे । मस्तिष्कको देब्रे भाग बोली, भाषा प्रक्रिया र पठनसँग सम्बन्धित छ । देब्रे मस्तिष्कको अगाडिको भागले बोली, संवेग नियन्त्रण, तर्कशीलता, चेतना र योजनालाई नियन्त्रण गर्छ । पेराइटल लोब (Parietal lobe) ले बोल्ने र लेख्ने भाषालाई जोड्ने काम गर्छ । टेम्पोरल लोब (Temporal lobe) शाब्दिक स्मरणसँग सम्बन्धित हुन्छ र वर्णको पहिचानको कार्य ओक्सिपिटल लोब (Occipital lobe) ले गर्छ । त्यसकारण वर्ण र ध्वनि शिक्षणचाहिँ बच्चाको मस्तिष्कको स्नायु प्रणालीसँग सम्बन्धित हुन्छ । यसरी हेर्दा एउटा व्यक्तिले पढ्ने क्रममा उसको दिमागको अगाडि पट्टिको र पछाडि पट्टिको दुईटा भागमा हुने गतिविधिले प्रभाव पार्छ । यसको अर्थ बालसिकाइमा उसको जैविकीय संरचनाको प्रत्यक्ष प्रभाव रहन्छ । उनका अनुसार ब्रोकाज एरिया (Broca's Area), पेराइटल टेम्पोरल लोब (Parietal-Temporal lobe) र ओक्सिपिटल टेम्पोरल एरिया (Occipital-Temporal Area) हरू मस्तिष्कको पछाडिपट्टि हुन्छन् । ब्रोकाज एरिया

(Broca's Area) ले भाषा र बोली तथा व्याकरण र वाक्यगठनलाई सङ्गठित तुल्याई भाषा उत्पादन र परिचालन गर्छ । मूलतः मस्तिष्कको दायाँ भाग भाषाको प्रक्रियासँग सम्बन्धित हुन्छ । उनीहरूले आफ्नो शब्दको भण्डारलाईचाहिँ ओक्सिपिटल टेम्पोरल एरिया (Occipital-Temporal Area) मा राखेका हुन्छन् । यो क्षेत्र स्वचालित हुन्छ त्यसकारण शब्दहरूलाई पढ्न सकिन्छ । उनका अनुसार राम्रो पढ्ने विद्यार्थीको मस्तिष्क सक्रिय हुने हुनाले उनीहरूले वर्णहरूलाई एकदमै ठीक ढङ्गले पहिचान र विश्लेषण गर्न सक्छन् ।

मस्तिष्क विकास र सिकाइ गुणस्तरसँगको सम्बन्धलाई बालस्वास्थ्य सुधार तथा अभिभावकीय दायित्वमा समेत जोड्नु सान्दर्भिक देखिन्छ । प्रारम्भिक बालविकास तथा अभिभावकको भूमिका (२०७९) को दस्तावेजले पनि मस्तिष्क संरचना र सिकाइको सान्दर्भिकतालाई जोडेको देखिन्छ :

> पहिलो दुई वर्षमा बालबालिकाहरूको मस्तिष्कका स्नायुहरूको विकास ८० प्रतिशत हुन्छ भने ५ वर्षमा ९० प्रतिशत विकास हुन्छ । अध्ययनअनुसार ६ वर्षमा उनीहरूको मस्तिष्कको तौल वयस्कभन्दा ९५ प्रतिशतले वृद्धि भएको हुन्छ । पोषणहरूले मस्तिष्कका स्नायुहरूलाई वृद्धि गराउन सहयोग गर्छन् । इन्द्रियहरूमार्फत प्राप्त अनुभव र अवसरहरूले स्नायुहरूलाई उत्प्रेरित गरी मस्तिष्कमा सञ्जालहरू तयार गर्छन् । यो क्रम उमेरअनुसार बढ्दै जाने हुनाले यी सञ्जाल बनेका कोषहरूले मात्रै जीवनभर काम गर्छन् । करिब २० देखि ८० प्रतिशत कोषहरू उत्प्रेरणा नपाएर मर्दै जान्छन् । यसर्थ सानो उमेरमा अनुभव नगरेका वा अवसर नपाएका तथा कम अनुभव गरेका कुरामा ठूलो हुँदा पनि कमजोर हुने सम्भावना बढी हुन्छ ।
>
> (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९, पृ. १२-१३)

यी तथ्यअनुसार सन्तुलित साक्षरता र पठनबोध दक्षताको गुणस्तर अभिवृद्धिका लागि बालस्वास्थ्य, बालसुरक्षा र अवसरले जैविकीय प्रभाव पार्ने देखिन्छ । बाल्यावस्थामा विकास हुने मस्तिष्क नै सिङ्गो जीवनको आधार बन्ने भएकाले यो समयमा बालबालिकालाई पोषणयुक्त खाना, स्वास्थ्य, सरसफाइ, अन्तरक्रियात्मक वातावरण तथा वात्सल्यमय व्यवहारजस्ता तत्त्वहरूको आवश्यकता पर्दछ । बालबालिकाको यो उमेर जीवन विकासको पूर्वाधार र भविष्यको शैक्षिक सफलताको आधार हो (श्रेष्ठ र अन्य, २०७६, पृ. १) । भाषा सिकाइमा पनि प्रारम्भिक बालविकासको चरणमा भाषिक क्षमता तीव्र रूपमा विकसित हुन्छ । उनीहरूले यस उमेरमा बोल्ने, सुन्ने र विभिन्न चित्र तथा सङ्केत हेर्ने अवसर पाए भने २ देखि ६ वर्षको उमेरसम्ममा २,००० देखि १०,००० शब्दभण्डार बढाउन सक्छन् । सक्रिय बालबालिकाले हप्तामा १० देखि २० ओटा शब्द सिक्न सक्छन् (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९, पृ. १४) । यसर्थ बालपठन सिप विकास र बालकको मस्तिष्कीय विकासबिचमा सह-सम्बन्ध रहन्छ ।

स्नायु विज्ञान सम्बन्धी अनुसन्धानहरूले जीवनको सुरुवाती वर्षमा बालमस्तिष्कको विकास तीव्र हुने हुँदा वृद्धि र विकासको प्रारम्भिक बाल्यावस्था बढी महत्त्वपूर्ण हुने तर्क पेस गरेका छन् । युनिसेफ

(२०१६) ले प्रकाशित गरेको प्रतिवेदनअनुसार तीन वर्षको उमेरमा एउटा शिशुको मस्तिष्क वयस्कको मस्तिष्कभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने न्युरोनहरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित गरिरहेका हुन्छन् । यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ (राष्ट्रिय योजना आयोग, २०७७, पृ. २) । यसर्थ प्रारम्भिक बालशिक्षा र प्रारम्भिक बालविकास नितान्त जैविकीय संरचनाभित्र समावेश हुन्छन् । विशेषतः जीवविकासको क्रम, जन्मपूर्वको अवस्थाले बालस्वास्थ्यमा पार्ने असर तथा जन्मपश्चात् उसले पाउने सबैखाले स्वस्थताको वातावरण तथा सिकाइ वातावरणका आधारमा शैक्षिक गुणस्तर निर्धारण गर्न सकिन्छ । फलतः आधारभूत तहमा पठनबोध क्षमता विकास गर्नका लागि प्रारम्भिक स्वस्थता र समाज पनि एउटा प्रमुख कारक बनेको हुन्छ ।

मानिसको बौद्धिक विकासको तहलाई उसको समुदायगत उद्विकाससँग जोडेर हेर्न सकिन्छ । रिचार्ड डकिन्स (सन् २०१०) ले आफ्नो पुस्तक *द ग्रेटेस्ट सो अन अर्थ : द एभिडेन्स फर इभोलुसन*मा बताएअनुसार पृथ्वीमा मानिसको उत्पत्ति कुनै आश्चर्यजनक घटना वा अलौकिक शक्तिले नभई जीवविकासको चरणमा हासिल भएको अवस्था हो । यहाँ वंशाणुको रासायनिक संरचनाले जीव विकासमा प्रभाव पारेको उनको तर्क छ । यसरी हेर्दा मानिसको समुदायगत चेतना पनि उसको पुर्ख्यौली वंशज र तिनले गर्ने गरेको व्यवहारबाट अनुसरित भएको हुन्छ भन्न सकिन्छ । डार्विनद्वारा प्रस्तुत जीववैज्ञानिक सन्दर्भअनुसार प्रजातिहरू सधैँ स्थिर नभएर फेरिइरहने प्रसङ्गमा डकिन्सले पनि समर्थन जनाएका छन् । यसकारण मानव मस्तिष्कको विकासमा उसका पूर्वजहरूको क्रियाकलाप, पेसा, आनीबानी, वंशज गुणदेखि लुप्त गुणसम्मको प्रभुत्व रहन सक्ने देखिन्छ । परिणामतः बालसिकाइमा समुदायगत प्रभुत्व वा प्रभाव रहनु स्वाभाविक देखिन पुग्छ । अर्कोतर्फ कमजोर देखिएका समुदायभित्र पनि अब्बल बालबालिका हुनुमा केही लुप्त गुण वा बाह्य ज्ञानको सङ्गठित संरचनागत प्रभुत्व रहेको मान्न सकिन्छ । किनभने, हरेक बालकले अग्रजबाट सिक्न सक्नुको अर्थ समाजबाट सिक्नु हो । यस विपरीत हरेक शिक्षित परिवारका बालबालिका अब्बल नै हुन्छन् भन्न पनि सकिन्न । खाली चेतना र ज्ञानको तहगत विकासमा चाहिँ उसको अग्रज पुस्तागत प्रभाव रहने तर्क पेस गर्न सकिन्छ तथापि यो प्रभावलाई ठोस अङ्कमा देखाउन सकिन्न । यी सबै सन्दर्भलाई बालसिकाइसँग जोडेर हेर्दा बालकले पाउने अवसर, उसको समाज र परिवारले पाएको अवसर तथा उसको पुर्खाले पाएको अवसरबिचको क्रमिकताले पनि उसको चेतनास्तर र सिकाइ क्षमतागत उद्विकासमा प्रभाव पार्न सक्ने कुरालाई स्वीकार गर्न सकिन्छ ।

**बाह्य परिवेशगत प्रभाव**

आधारभूत तह (कक्षा १-३) का विद्यार्थीहरूको मनोविज्ञान, रुचि र चाहनालाई ध्यानमा राखेर सिकाइ सहजीकरणका लागि तय गर्नुपर्ने प्रभावगत आधारलाई यस उप-शीर्षकभित्र समेट्न सकिन्छ । घरपरिवार र समाजको वातावरण, भौगोलिक दूरता, सञ्चार र सञ्जालको सामीप्यता, संस्कृतिगत प्रभाव आदिलाई अनौपचारिक सिकाइको वातावरण मान्न सकिन्छ । विद्यालयीय वातावरण

औपचारिक तथा मूल आधार हो । बालपठन सिप शिक्षण सिकाइलाई अक्षर चिनारी, गीती लयको परिवेश, विद्यार्थीमैत्री सिकाइ वातावरण, कक्षाकोठा व्यवस्थापन, शिक्षकको शिक्षण कौशल, पाठ्यपुस्तकलगायतका शैक्षिक सामग्रीको उपयुक्तता र पर्याप्तता आदिले बालपठन सिपमा प्रभाव पारेको हुन्छ । टोम्किन्सन (सन् २०१६) का अनुसार सन्तुलित साक्षरता कार्यक्रमलाई कक्षा ३ मा सफल रूपमा प्रयोग गर्नका लागि ध्वनि शिक्षण, निर्देशित पठन, सस्वर पठन, सहपठन, अन्तर्क्रियात्मक लेखन र अन्य अवधारणालाई अपनाउनुपर्छ । यसका लागि पठन पाठ्यक्रम आवश्यक हुन्छ । यसले सिप शिक्षण र समग्र साक्षरता विकासको अवसरलाई सन्तुलनमा राख्छ । अतः यहाँ प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले निर्देश गरेका ६ ओटा तत्त्वभित्र रहेर निर्क्योल गरिएका विषयलाई बाह्य परिवेशगत प्रभाव मान्नु सान्दर्भिक देखिन्छ । सिकाइ वातावरण निर्माण गर्न आवश्यक पर्ने भौतिक, शैक्षिक र प्रशासनिक व्यवस्थापनका क्षेत्रहरू बाह्य परिवेशगत प्रभावअन्तर्गत पर्दछन् किनभने यी सबै प्रक्रियालाई मानिसले चाहेका खण्डमा योजनाबद्ध रूपमा व्यवस्थापन गर्न सम्भव हुन्छ ।

*विद्यालयीय अर्थात् औपचारिक परिवेश*

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले आधारभूत तहका बालबालिकामा पठन सिपको प्रभावकारी विकासका निम्ति विद्यालयीय परिवेशलाई प्रभावकारी तुल्याउने प्रयत्न गरेको देखिन्छ । यसभित्र कक्षाकोठाको भौतिक, शैक्षणिक व्यवस्थापन, सिकाइ वातावरण निर्माण, शिक्षणमा विविधता व्यवस्थापन, कक्षा पुस्तकालय व्यवस्थापनदेखि शिक्षण विधिको छनोट, क्रमिक सिकाइ प्रक्रिया, शैक्षणिक सन्दर्भ सामग्री (अतिरिक्त सामग्री) को उपयोगजस्ता शिक्षणीय सन्दर्भलाई समावेश गरिन्छ । पठन सिपका क्षेत्रमा विशेषतः विद्यार्थीले विद्यालयभित्र पाउनुपर्ने वातावरण मुख्य प्रभावक हो । यस सन्दर्भमा बालमनोवैज्ञानिक ज्ञान हासिल गर्नुपर्ने भएकाले प्रभावकारी शिक्षणको विधि र प्रक्रिया, नवीन प्रविधिको उपयोग, उपयुक्त विषय क्षेत्रको छनोट गरी अध्यापन गर्ने सन्दर्भमा तालिमप्राप्त शिक्षकको आवश्यकता अपरिहार्य हुन्छ । यसभित्रका प्रभावकहरूलाई पनि तीन आधारमा तय गर्नु सान्दर्भिक देखिन्छ :

- **प्रशासनिक परिवेश**

बालसिकाइ प्रभावकारी बनाउनका लागि शिक्षक र विद्यार्थी दुवैलाई प्रशासनिक सहयोग आवश्यक हुन्छ । असल शिक्षक र असल विद्यार्थीको परिवेश निर्माण गर्न असल प्रशासनिक व्यवहारकुशल परिवेश चाहिन्छ । विद्यालयभित्र रहँदा शिक्षकलाई प्रशासनिक क्षेत्रबाट चाहिएका शैक्षिक सामग्री उपलब्ध गराइनु आवश्यक हुन्छ । पढाइ सिप विकासमा छओटा तत्त्वलाई प्रभावकारी कार्यान्वयन गरी प्रभावकारी शिक्षण गर्न आवश्यक पाठ्यक्रम, अभ्यास पुस्तिका, शिक्षक मार्गदर्शन, अन्य सहायक पाठ्यसामग्री, सन्दर्भ सामग्री आदिको व्यवस्थापन गर्नुपर्दछ । सिकाइ सहजीकरणका लागि शिक्षकले बालमैत्री, समावेशी तथा प्रभावकारी वातावरणको तर्जुमा गरी छापामय कक्षा निर्माण गर्नुपर्ने हुन्छ । कक्षाकोठाभित्रको शैक्षिक, भौतिक, मानवीय स्रोत, सामग्री, सिकारुको

बसाइलगायतको व्यवस्थापनमा समय, स्रोतसाधन, सिकारुको व्यवहार आदिको व्यवस्थापन आवश्यक पर्दछ (शिक्षा विभाग, २०७४, पृ. ७)। यसर्थ शिक्षकलाई तालिम दिने, प्रभावकारी शिक्षणका लागि वातावरण तय गरिदिने, अतिरिक्त सामग्रीसहित आवश्यक प्रबन्ध मिलाइदिने काम प्रशासनिक दायित्वभित्र पर्छ। यसका साथै अभिभावक र विद्यार्थीबिचको समन्वयकारी भूमिकामा, समुदायसँग सहकार्य गर्ने सन्दर्भमा, पठनसंस्कृति विकासार्थ जनचेतना विकास गराउने सवालमा समेत प्रशासनिक सहायता चाहिन्छ। यस सन्दर्भमा शिक्षा मन्त्रालय (२०७०) ले निर्देश गरेको दस्ताबेज अनुरूप पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम व्यवस्थापन गर्ने, शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकको पेसागत विकासमा जोड दिनेदेखि शैक्षिक गुणस्तर परीक्षण केन्द्र, शिक्षा विभाग, शिक्षा मन्त्रालय (नीति निर्धारणार्थ) सम्मको समन्वय हुनु आवश्यक हुन्छ। पठन संस्कृति विकासार्थ विद्यालयमा प्रत्यक्ष उपयोग गर्न सकिने सहज समन्वयका लागि राष्ट्रिय भूमिका, जिल्लागत भूमिका तथा स्थानीय भूमिकाको समन्वय हुनुपर्छ। यसमा वित्तीय व्यवस्थापन, शैक्षणिक प्रक्रिया व्यवस्थापन, अनुगमन, तालिम, मूल्याङ्कन, अनुसन्धान, समीक्षा, सुधार, नियमितताजस्ता बहुल विषय समावेश हुन्छन्। नेपालमा प्रारम्भिक तहको पठन सिप विकासार्थ शैक्षणिक ढाँचा तथा सामग्री विकास, सामुदायिक विकास र सहयोग, शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग, विद्यार्थी मूल्याङ्कन; अनुसन्धान, अनुगमन र मूल्याङ्कन तथा क्षमता विकाससम्मको समन्वयात्मक निरन्तरता आवश्यक देखिन्छ।

- **भौतिक परिवेश**

हाम्रो देशको भूगोलको संरचनाअनुसार हिमाल, पहाड र तराईमा एकैनास शिक्षण परिवेश छैन। भूगोलअनुसार कक्षाकोठाको बसाइ व्यवस्थापन असमान छ। पहाडी क्षेत्रमा टाढासम्म हिँडेर विद्यालय जानुपर्ने बाध्यता छन्। विद्यार्थीहरूको शिक्षाको पहुँच र राज्यको लगानीबिचमा अनुसन्धानात्मक निकास पनि देखिँदैन। यसर्थ भौगोलिक अवस्थाका आधारमा विद्यार्थीहरूलाई पढाइ कार्यक्रमको ढाँचा तर्जुमा गर्नुपर्ने देखिन्छ। घुम्ती विद्यालय, घुम्ती वाचनालय, पठन अभियान (रिडिङ क्याम्पेन) जस्ता नवीन अवधारणालाई अभियानका रूपमा ग्रामीण क्षेत्रसम्म पुऱ्याउनुपर्ने देखिन्छ।

भौतिक व्यवस्थापनभित्र कक्षाकोठाको व्यवस्थापन समावेश हुन्छ। प्रभावकारी कक्षाकोठा व्यवस्थापनार्थ विद्यालयको भौतिक वातावरण पनि उत्तिकै प्रभावकारी हुनुपर्छ। सिकाइ सहजीकरण क्रियाकलापलाई बढी उपयोगी, समावेशी, लैङ्गिक परिवेशमैत्री तथा प्रभावकारी बनाउन कक्षाकोठाको उचित व्यवस्थापन आवश्यक हुन्छ। पढाइ सिप सम्बद्ध क्रियाकलापलाई निश्चित परिधिभित्र सीमित नगरी स्तरअनुकूलको पढाइका अवसर प्रदान गर्दै पुस्तकालय एवम् पुस्तक कुनासम्मको कार्यमा विविध सामग्रीको उपलब्धता आवश्यक हुन्छ (राई र अन्य, २०७३, पृ. ३८)। यी सबै व्यवस्थापकीय आधारका लागि उपयुक्त भौतिक व्यवस्थापनअन्तर्गत बसाइ व्यवस्थापन, हावा प्रवाह, झोला राख्ने स्थान, पढ्न र लेख्नका लागि डेक्सबेन्चको व्यवस्थापन, शौचालय,

कक्षाकोठाको सरसफाइ, खेलमैदान, श्रव्य-दृश्य-पाठ्य सामग्रीको उपलब्धता र प्रयोग, जाडो वा गर्मीको अवस्था अनुकूलको व्यवस्थापन आदि बहुल विषयमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । यी मसिनाजस्ता देखिएका विषयमा ध्यान नपुऱ्याइकन प्रभावकारी बालपठनको अपेक्षा गर्न सकिँदैन । भौतिक परिवेशले शिक्षकलाई पढाउन उत्साह जगाउने अनि विद्यार्थीलाई पढ्न उत्साहित तुल्याउने हुनाले सम्पूर्ण भौतिक सामग्रीको व्यवस्थापनले मात्रै शैक्षिक वातावरण निर्माण सम्भव हुन्छ ।

- **शैक्षिक परिवेश**

**(क) शिक्षकको भूमिका**

बालपठन सिप विकासमा शैक्षिक परिवेश निर्माणार्थ प्रशासनिक तथा भौतिक परिवेश पनि समावेश हुन्छ । त्यसैले सिकाइका लागि शैक्षिक परिवेश नै मुख्य परिवेश हो । बालबालिकाका लागि शिक्षक नै सबैथोक हो । कष्टमाइज्ड पुनर्ताजगी तालिम (२०७६) मा बताइएअनुसार गतिशील समय अनुरूप शिक्षण सिकाइमा आइरहेका शिक्षण विधि, नवीनतम प्रविधि, उपाय एवम् तरिका अनुरूप शिक्षण गर्ने दायित्व शिक्षकको हो । प्रारम्भिक तहमा पढाइ सिपको विकासले विद्यार्थीको समग्र सिकाइ उपलब्धिमा प्रभाव पार्ने कुरा प्रारम्भिक कक्षा पढाइ सिप परीक्षण प्रतिवेदन (२०१४) लगायतका विभिन्न अध्ययनहरूले देखाएका छन् (पृ. ३) । वस्तुतः बालपठन सिप विकासमा शैक्षणिक गतिविधिसँग जोडिने शिक्षण प्रक्रिया, विद्यार्थी सहभागिता, क्रमिक सिकाइ प्रक्रिया, मातृभाषिक वातावरण निर्माण, निरन्तर मूल्याङ्कन प्रक्रिया, निराकरणात्मक तथा निदानात्मक मूल्याङ्कन प्रक्रिया, पृष्ठपोषण तथा पुनर्बल आदिले पठन सिपलाई प्रभाव पारेको हुन्छ । एउटै विद्यालयमा समान रूपमा प्रशासनिक तथा भौतिक परिवेश भए पनि शैक्षिक परिवेश व्यवस्थित भएन भने बालपठन सिप विकासलाई प्रभावकारी बनाउन सकिँदैन ।

बालबालिका चुलबुले हुन्छन् । उनीहरूमा एउटा छुट्टै चञ्चलपना हुन्छ । यस विषयमा शिक्षकले तिनलाई दबाउने भन्दा सक्रिय तुल्याउने तरिका खोज्नुपर्छ । यहाँ कक्षा एकमा भएको एउटा घटनालाई हेरौँ :

> *(शिक्षिकाद्वारा विद्यार्थीलाई वर्ण चिनारीको अभ्यास गराइने क्रम थियो । सबैलाई पुस्तक निकाल्न लगाइयो । विद्यार्थीहरूले चित्र हेर्दै थिए । कक्षामा भएका २७ जना विद्यार्थीमध्ये ३ जनाचाहिँ निदाइरहेका थिए । बाँकीचाहिँ कक्षामा विभिन्न धुनमा देखिन्थे ।)*
>
> *शिक्षिका : कति जनाले ऐना हेर्नुभएको छ ?*
>
> *विद्यार्थी १ : (हात उठाएर) मेम, मेम मैले ऐना देखेको छु ।*
>
> *(शिक्षिकाद्वारा 'ठ' वर्ण चिनाउने अभ्यास गराइँदै थियो । कतिपय विद्यार्थीहरू साथीसँग चलिरहेका थिए । अनि, पोल सुनाउन सुरु भयो ।)*
>
> *विद्यार्थी २ : मेम मलाई राजुले हान्यो ।....*

*विद्यार्थी ३ : 'मेम मेरा पेन्सिल ना है ।' (मेरो पेन्सिल छैन अर्थात् हरायो ।)*

*विद्यार्थी ४ : मेम मे आइ ड्रिङ्क वाटर ? (के म पानी पिउन सक्छु ?)*

*शिक्षिका : ल, सबैले दराज 'द' हेर त ।*

*विद्यार्थी ५ : (दुई हात जोडेर नमस्कारको भावमा) मेम, मे आई गो टु ट्वाइलेट ? (के म शौचालय जान सक्छु ?)*

*विद्यार्थी ६ : मेम, आसिकले होमवर्क गरेको छैन ।*

*विद्यार्थी ७ : मेम, मेरो पेन्सिल हरायो ।*

*शिक्षिका : ए, आरतीको पेन्सिल कोसँग छ ? हात उठाऊ त ।.... भन त ।....*

*विद्यार्थी ८ : मेम, मैले त लगेको छैन ।*

*विद्यार्थी ९ : मेम, आसिकले लगेजस्तो लाग्यो ।* (कक्षा अवलोकन : २०८०/०३/२०)

कक्षाकोठामा बहुआयामिक समस्या हुन्छन् । यसर्थ पठन सिप विकासमा शिक्षक/शिक्षिकाको भूमिका सबैभन्दा बढी हुन्छ। बालबालिकाहरू चञ्चले हुनु उनीहरूको स्वभाव हो। यो चञ्चलपनलाई दबाएर भन्दा त्यसमै सक्रियता थपेर सिकाइलाई अघि बढाउनु बढी प्रभावकारी हुन सक्छ। विद्यार्थीका दैनिक क्रियाकलापमा शिक्षकको भूमिका प्रमुख रहन्छ ।

बालबालिकालाई सिकाउने शिक्षकलाई अद्यावधिक, भाषामैत्री, बालमैत्री सिपगत ज्ञानले भरिपूर्ण तुल्याउनु अत्यावश्यक हुन्छ । अर्को सन्दर्भमा कमसेकम आधारभूत तहअन्तर्गत कक्षा ३ सम्मका बालबालिकालाई पुरुष शिक्षकले भन्दा महिला शिक्षिकाले नै पढाउनु बढी व्यावहारिक देखियो । कक्षा अवलोकनका सन्दर्भमा शिक्षिकाहरूसँग विद्यार्थी घुलमिल हुने, उहाँहरूको मायालु स्वभावमा रमाउने र बढी झुम्मिने गरेको पाइयो । यसर्थ बालबालिका भर्खरै आमाको काखबाट विद्यालयमा आउने हुनाले उनीहरूले पुरुष शिक्षकसँग भन्दा बढी महिला शिक्षिकालाई रुचाउने मनोविज्ञानलाई निर्क्योल गर्न सकिन्छ ।

**(ख) भाषिक पृष्ठभूमिको पहिचान र प्रयोग**

पठन सिपगत आधारलाई भाषागत पृष्ठभूमिले प्रभाव पारेको हुन्छ। शिक्षकले नेपालको बहुभाषिक परिवेशका मिश्रित भाषाभाषीलाई भाषा कुना निर्माण गरेर शिक्षण गर्नुपर्ने हुन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको दस्ताबेजमा प्रस्तुत २०७८ को जनगणनाअनुसार नेपालमा १२४ ओटा मातृभाषा रहेकामा नेपाली मातृभाषीको सङ्ख्या १,३०,८४,४५७ जना अर्थात् कुल जनसङ्ख्याको ४४.८६ प्रतिशत रहेको छ (नेसनल स्टाटिक्सिस अफिस, सन् २०२१) । यसरी हेर्दा नेपालमा नेपाली भाषालाई ५५.१४ प्रतिशतले दोस्रो भाषाका रूपमा प्रयोग गर्छन् । भाषिक समुदायका सन्दर्भमा ५५.१४ प्रतिशत बालबालिकाले मातृभाषामै सिक्ने अवसर पाउनुपर्छ । आधारभूत तहमा मातृभाषामा शिक्षा

दिनुपर्ने मान्यतालाई शिक्षकले प्रयोग गर्नुपर्ने भएकाले सकेसम्म विद्यार्थीको मातृभाषा जान्ने शिक्षकलाई नै अध्यापन गर्न लगाउनु सबैभन्दा राम्रो हुने देखिन्छ । यस कार्यमा सबै शिक्षक र सबै विद्यालयले उही रूपमा अवलम्बन गरिरहेका हुँदैनन् :

*शिक्षिका १ : विद्यार्थीलाई म त अङ्ग्रेजी अनि नेपालीमा बोल्न लगाउँछु । मसँग कुरा गर्दा उनीहरूलाई आफ्नो मातृभाषामा बोल्न दिन्न । मैथिली, बाजिका त घरमै बोलिहाल्छन् नि । उनीहरूलाई यहाँ (विद्यालयमा) भोलि जागिर पाउने भाषा बोल्न लगाउनुपर्‍यो नि । (यत्तिकैमा एक जना मैथिली भाषी विद्यार्थीले आफ्नो कक्षाकार्य सकेपछि भन्छन् : आइ ह्याब रिटन मेम (मैले लेखिसकेँ गुरुमा) ।*

*शिक्षिका २ : हाम्रोमा स्थानीय पाठ्यक्रमका ठाउँमा अङ्ग्रेजी नै राखेका छौँ । .....मासिक रूपमा अभिलेख तयार पारेर वार्षिक मूल्याङ्कन गर्छौं । निरन्तर मूल्याङ्कन गर्छौं तर अङ्ग्रेजीमा नै जोड दिन्छौँ । अहिले गार्जेन्टहरू (अभिभावकहरू) को चाहना पनि त्यही नै छ । सामुदायिक विद्यालय भए पनि अङ्ग्रेजी नै पढाउनुपर्‍यो नि ।*

(अन्तर्वार्ता : २०८०/०३/२४)

भाषिक सन्दर्भ र मातृभाषालाई माध्यम बनाउनुपर्ने सवालमा नेपालमा प्रयोगापेक्षी स्पष्ट नीति देखिँदैन । अहिलेको समाजले रोजगार र भोलिको आयस्रोतको बाटोलाई हेरेर अङ्ग्रेजी शिक्षाप्रति बढी मोह राखेको देखिन्छ। अभिभावक र समाजले नै अङ्ग्रेजी भाषाप्रति रुचि जगाएका कारण सामुदायिक विद्यालयहरूले स्थानीय पाठ्यक्रमको मर्मलाई ध्यान दिन सकेको देखिँदैन । नेपालमा मातृभाषा शिक्षणका विषयमा निर्माण भएका पाठ्यक्रम र पाठ्यपुस्तकलाई मातृभाषा विद्यालय स्थापना गरी कार्यान्वयनमा ल्याउँदा त्यति प्रभावकारी रहेको पाइएको छैन । 'मातृभाषामा शिक्षा ग्रहण गरेर के गर्नु, प्रारम्भिक कक्षादेखि नै प्रयोजनपरक भाषामा शिक्षा लिनुपर्छ' भन्ने मनोविज्ञानका कारण मातृभाषा विद्यालयका विद्यार्थीहरूलाई बहुभाषिक कक्षाका विद्यालयतिरै पढ्न पठाइएको हुन्छ (पौडेल र भट्टराई, २०७७, पृ. १६९-१७०) । यसरी हेर्दा भाषा र रोजगारका सन्दर्भमा सरकारले मातृभाषा सिकेर जागिर पाउने आधार तय गरिदिनुपर्ने देखिन्छ ।

शिक्षा मन्त्रालयले पेस गरेको सबैका लागि शिक्षाको राष्ट्रिय शिक्षा प्रतिवेदन (सन् २००१-२०१५) मा उल्लेख भएअनुसार अन्तरिक संविधान र विद्यालय क्षेत्र सुधार योजना दुवैले आधारभूत शिक्षालाई मानव अधिका रूपमा आत्मसात गरी प्राथमिक तहका प्रारम्भिक कक्षाहरूमा मातृभाषालाई माध्यमको रूपमा प्रयोग गर्न जोड दिइएको भन्ने प्रसङ्गलाई उल्लेख गरेको छ (पृ. १०) । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको पढाइ सम्बन्धी विश्वव्यापी सिद्धान्त र नेपालको संविधान २०७२ को भाषा र संस्कृतिको हकले समेटेका सन्दर्भलाई मध्यनजर गर्ने हो भने पनि नेपालमा आधारभूत तहसम्मको शिक्षालाई व्यावहारिक रूपमा मातृभाषाका माध्यमबाट दिनु आवश्यक छ। अर्को सन्दर्भमा नेपाली भाषालाई पनि एकसाथ सिकाउनुपर्ने बाध्यता हुन्छ । यस परिस्थितिमा कक्षामा दोस्रो भाषी विद्यार्थी रहेको अवस्थामा उनीहरूलाई चित्र, चित्रकथा तथा मौखिक भाषाको सहयोग र विकासका माध्यमले

सिकाइ सहजीकरण गर्नुपर्छ । दोस्रो भाषाका विद्यार्थीलाई धेरैभन्दा धेरै अवसर एवम् सहयोग उपलब्ध गराउँदै लक्षित भाषा प्रयोगका लागि उत्प्रेरित गर्नुपर्ने हुन्छ (शिक्षा विभाग, २०७४, पृ. ६) । यसका साथै शिक्षा मन्त्रालय (२०७०, पृ. २१-२२) ले पनि पढाइ र भाषा सम्बन्धी सिद्धान्तमा विद्यार्थीको पहिलो भाषा बोल्न जान्ने द्विभाषिक शिक्षक हुनुपर्ने, साक्षरताको शिक्षणपूर्व मौखिक सिप र आधारभूत शब्दभण्डारको विकासमा जोड दिनुपर्ने, दोस्रो भाषामा तयार पारिएका सामग्रीहरू विद्यार्थीका लागि बोधगम्य हुनुपर्ने तथा विद्यार्थीको पहिलो भाषाको प्रयोगलाई दुरुत्साहन गर्नुनहुने भनी उल्लेख गरेको छ । यसर्थ नेपालको पृष्ठभूमिमा समुदायका आधारमा बालपठन सिप सम्बन्धी तालिमसहितको द्विभाषिक शिक्षक/शिक्षिकाले अध्यापन गर्नु बढी सान्दर्भिक देखिन्छ ।

नेपालको भौगोलिक तथा सामाजिक/सांस्कृतिक परिवेशमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि युएसएआईडीले सन् २०१३/१४ मा गरेको अध्ययनअनुसार नेपाली दोस्रो भाषा भएका बालबालिका नेपाली पहिलो भाषा बोल्ने बालबालिकाभन्दा नेपाली भाषा सिकाइमा तुलनात्मक रूपमा कमजोर देखिएका छन् । यस्तै रा.प्रा.क.प.का.को सन् २०१७/२०१८ को मध्यावधि मूल्याङ्कनले पनि नेपाली पहिलो भाषा भएका बालबालिकाको तुलनामा नेपाली दोस्रो भाषा भएका बालबालिकाहरूको नेपाली पठन सिपमा उल्लेखनीय सुधार नभएको जनाएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७७, पृ. ७) । मातृभाषासँग बालकको भावुकता पनि गाँसिने भएकाले उसले सिक्नुपर्ने कुरालाई मनदेखि नै स्वतःस्फूर्त रूपमा सिकिरहेको हुन्छ । यसर्थ उसले नयाँ भाषामा भन्दा आफ्नै मातृभाषामा सिक्ने अवसर पाउँदा स्वभावतः चाँडै सिक्छ (पौडेल र भट्टराई, २०७७, पृ. १७०) । बालपठन सिप विकासमा गाँसिएर आउने मातृभाषा, भाषापाठ्यक्रम र सिकाइ सहजीकरणलाई मनोविज्ञानसँग पनि जोड्नु आवश्यक छ । अनुसन्धानले बालबालिकाको आफ्नो मातृभाषा नै प्राथमिक कक्षासम्मको अध्ययनका लागि सबैभन्दा उत्तम र प्रभावकारी माध्यमका रूपमा प्रमाणित गरेका छन् (श्रेष्ठ र दाहाल, २०७५, पृ. १५) । यस आधारलाई हेर्दा बालसिकाइको गुणस्तर सुधारका निमित्त बालविकास सम्बन्धी अभ्यासलाई मुख्य पूर्वाधारका रूपमा विकास गर्नु आवश्यक छ । हाम्रोजस्तो मिश्रित समुदायको बसोबास रहेको, बहुभाषिक परिवेशयुक्त तथा विकासोन्मुख देशले सिकाइको पूर्वाधारका लागि पठन सिप विकासमा ध्यान दिई प्रारम्भिक बालविकासलाई एकसाथ समेट्नुपर्ने देखिन्छ । नेपालमा सबैभन्दा धेरै वक्ताले बोल्ने नेपाली भाषालाई माध्यम भाषाका रूपमा सिकाउनुपर्ने तथा नेपालीइतरभाषीका वक्तालाई मातृभाषाकै सन्दर्भमा पठन सिपगत दक्षता बढाउनुपर्ने हुनाले भाषासँग जानकार शिक्षक बढी बहुआयामिक हुनुपर्छ । वस्तुतः भाषिक विकासको मनोविज्ञानअनुसार मातृभाषालाई माध्यम भाषा बनाई समानस्तरको शिक्षा दिनु हाम्रो देशको आवश्यकता हो ।

***समुदायगत अर्थात् अनौपचारिक परिवेश***

बालबालिकालाई विद्यालयबाहिर समाजले सिकाउने पठन संस्कृतिले पनि सिकाइमा उत्प्रेरणाको भूमिका खेलेको हुन्छ । विद्यालय समयभन्दा बढी परिवार र समाजमा रहने सिकारुले समाजबाट अनौपचारिक रूपमा सिक्दछ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विद्यार्थी, शिक्षक,

अभिभावक र समुदायका सदस्यबिचमा समन्वय गर्ने रणनीति तय गरेको पाइन्छ । स्थानीय स्तरमा यो पढाइ कार्यक्रमका कार्यकलापलाई कार्यान्वयन गराउने अभिप्रायले समुदायलाई सक्रिय तुल्याउने अपेक्षा गरेको देखिन्छ । संघीय संस्था, नगर शिक्षा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र अभिभावक संघको दायित्व भनेकै समुदायका तहमा आइपर्ने समस्या पहिचान गरी स्थानीय तहमै समाधान गर्नु हो (युएसएआईडी र शिक्षा मन्त्रालय, सन् २०१७, पृ. २) । समुदायलाई पठन सिपगत महत्त्वका बारेमा पैरवी र जनचेतना विकास गरी सामुदायिक बैठक सञ्चालन गर्दै एउटा नवीन अभ्यास सञ्चालन गर्नु आवश्यक हुन्छ । विद्यालय बाहिरको अनौपचारिक सन्दर्भमा पठन सिपको संस्कार विकास गर्ने अभियानलाई पनि सञ्चालन गर्न सकिन्छ । ग्रामीण वाचनालय, पठन अभियान, हिज्जे खेलजस्ता कार्यलाई ग्रामीण क्षेत्रमा सञ्चालन गरिरहने हो भने बालसाक्षरता विकासमा नयाँ परिणाम आउन सक्छ ।

विद्यार्थीले समुदायमा सिकेको पूर्वअनुभवलाई विद्यालयमा प्रस्तुत गरेको हुन्छ । पठन प्राप्ति र त्यसको सुधारमा समुदायको व्यवहारले प्रभाव पारेको हुन्छ । बालकले भोगेको समाज, पाएको संस्कार, सिकेको संस्कृति, परिवारका सदस्यको चिन्तन र चेतनादेखि उसले आँखाले देखेको र कानले सनेका विषयले सिकाइमा, पठन सिप विकासमा प्रत्यक्ष प्रभाव परिरहेको हुन्छ । यसर्थ शिक्षकले बालबालिकाको घर र पूर्वअनुभवलाई बुझेर शिक्षण गर्ने प्रयत्न गर्नुपर्छ । डुबेक र गोभ (सन् २०१५) ले कक्षाकोठामैत्री प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कनले बालबालिकाको वातावरण (भाषा र पारिवारिक सहयोग) काबारेमा सूचना सङ्कलन गर्ने तर्क अघि सारेका छन् । लेखकद्वयका अनुसार घरको वातावरण र विद्यार्थीको पूर्वअनुभवले विद्यार्थीको पठन प्राप्ति र त्यसको सुधारमा योगदान दिन्छ । तर, घर र पूर्वअनुभव बुझ्नु नै प्राथमिक उद्देश्य होइन । यसले बच्चालाई अन्तर्वार्ता लिने, घरमा जाने, भेट्ने नभएर यसबाहेक कक्षाको अभ्यासमा नै जोड दिएको देखिन्छ । विशेषतः पठन सिपका तत्त्व र यसका क्षेत्रहरूलाई शैक्षिक, प्रशासनिक र भौतिक संरचना निर्माणका आधारमा प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ ।

पठन सिप विकासको सिद्धान्तअनुसार यसका लागि विषयवस्तुको चिनारी र बोधलाई पढाइका आधारभूत तत्त्व मानिन्छ । लेखिएको अक्षरलाई ध्वनिमा रूपान्तरण वा विसङ्केतन गर्नु चिनारी हो भने लेखिएको वा छापिएको कुरा पढेर अर्थ बुझ्नु बोध हो (राई र अन्य, २०७३, पृ. १०) । तथापि, शैक्षिक सुधारको जग आधारभूत तह र आधारभूत तहको जग पढाइ सिप हो भन्ने चिन्तनमा समुदायले पनि अपनत्व लिएको देखिँदैन । नेपाल सरकारले शैक्षिक क्षति न्यूनीकरण गरी शिक्षामा गुणस्तर विकास गर्ने, विद्यार्थीलाई सिकाइमैत्री वातावरण प्रदान गर्ने, सिकाइ अभिवृद्धि गर्ने भनिरहँदा विद्यार्थीलाई विद्यालयमा किन जानुपर्छ भन्ने सवालमा अभिभावकीय सचेतनाको विकास गराउनु आवश्यक छ । मानिसले दौडनुपूर्व हिँड्न सक्ने हुनु आवश्यक भए जसरी पढाइ सिपको विकास नगरी शिक्षाको गुणस्तरलाई विकास गर्न सकिँदैन । लिखित सामग्रीलाई अर्थबोध हुने गरी पढ्ने कार्यले सिकाइको पूर्वाधार विकास गर्दछ (भट्टराई, सन् २०२१, पृ. १३७) भन्नेबारेमा समुदायका जनप्रतिनिधि र सरोकारवालाहरू जानकार हुनुपर्ने देखिन्छ ।

नेपालमा विद्यालय शिक्षा सुधारका सन्दर्भमा आएका विभिन्न योजना, परियोजना तथा कार्यक्रमभित्र विशेषतः संस्थागत सुधार, प्रशासनिक सुधार, पेसागत विकास, पाठ्यक्रम सुधार, परीक्षा पद्धति सुधारका सवालसँगै बालपठनको सन्दर्भलाई राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत व्यवस्थित तुल्याउने हरप्रयास गरेको देखिन्छ । यद्यपि यस कार्यलाई कार्यान्वयन गर्ने र आवश्यक नियमन गर्ने प्रणालीलाई प्रभावकारी बनाउन सकेको खण्डमा मात्रै सिकाइको जग बलियो हुन सक्छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले सामुदायिक सहभागिता, पेसागत विकास, क्रमिक सिकाइ प्रक्रिया, सिकाइमा आधारित शैक्षिक गुणस्तर विकासजस्ता बहुआयामिक संरचनालाई प्रयोग गरेकाले यी विषयमा जानकारहरूको कार्यकारी सञ्जाल निर्माण र तिनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु अत्यावश्यक देखिन्छ । यसका लागि आधारभूत तहको पठन सिप सम्बन्धी कार्यक्रमका सवालमा सरकारले निरन्तर प्रयोग र सुधार सम्बन्धी गहन योजनालाई अघि सार्नुपर्ने देखिन्छ । यसर्थ प्रभावकारी बालपठन सिप विकास गरी सिकाइको जग निर्माण गर्न विद्यालयभित्रको परिवेश र बाह्य परिवेश दुवै सन्दर्भमा ख्याल गरिनु आवश्यक छ ।

## निष्कर्ष

बालपठनबोध जैविक र भौतिक अर्थात् आन्तरिक र बाह्य प्रभावमा आधारित हुन्छ । बालकले कक्षाकोठामा पाउने परिवेश र घरपरिवार तथा साथीसङ्गीसँग पाउने परिवेशबाट मात्रै प्रभावकारी सिकाइको अपेक्षा राख्न सकिँदैन । बालबालिकाले आमाले कोखदेखि पाएको परिवेश, पारिवारिक अवस्था र खानपान, जन्मपूर्व र जन्मपश्चात् बालबालिकाले पाउने सरसङ्गतजस्ता अदृश्य पक्षले पनि सिकाइको स्तर निर्धारणमा प्रभाव पारेको हुन्छ । यसर्थ जैविक तथा मनोवैज्ञानिक परिवेशभित्रको बालमस्तिष्कीय अवस्था र बाह्य परिवेशअन्तर्गतको विद्यालयीय (औपचारिक) तथा समुदायगत (अनौपचारिक) प्रभावकहरूले बालपठन सिप विकासमा मुख्य प्रभाव पारेको देखिन्छ । बाह्य परिवेशमा आएपछि बालकले जैविक र शारीरिक विकासका निम्ति पाएको परिवेश, प्रकृति र हावापानीबाटसमेत प्रभाव ग्रहण गरेको हुन्छ । एउटा सबल र निरोगी बालकको चिन्तनगत सिकाइ तथा उसले पाएको परिवेशले चाहिँ उसको व्यक्तिगत चिन्तनमा प्रभाव पारेको हुन्छ । यसर्थ भाषा सिकाइ, पठनबोध, पठनप्रतिको चाहनालाई आन्तरिक र बाह्य दुवै परिवेशले प्रभाव पारेको हुन्छ । यसै कारण एउटै शिक्षकले एकै कक्षामा उही तरिकाले अध्यापन गर्दा उक्त कक्षाका सबै विद्यार्थीले समान रूपमा सिक्न सक्दैनन् । यसो भनिरहँदा सबै बालबालिकाले समान बालसुरक्षा, विकास र समान सिकाइको अवसर पाउँदा पनि तिनको सिकाइगत स्तर समान रहन्छ भन्न सकिँदैन किनभने बालबालिकाले उसको वंशजका साथै वृद्धि र विकासमा समान सक्षमता ग्रहण गर्न सक्दैन । यो सन्दर्भलाई चम्स्केली आन्तरिक संरचना (आर्थी घटक), रूपान्तरण नियम र बाह्य संरचना (वार्णी घटक) (बन्धु, २०७०, पृ. १५८) को सहसम्बन्ध जसरी नै आन्तरिक र बाह्य प्रभावकका आधारमा बोध गर्न सकिन्छ । उदाहरणका रूपमा एउटा बसको इन्जिन र अर्को बसको इन्जिन समान छन् अनि उही समयमा, एकै स्थानमा उत्ति नै गुडाइन्छ भने ती दुवै बसमा समान समयमा उस्तै खराबी

आउँछ भन्ने सम्भावना रहँदैन । यसरी नै बालसिकाइमा उस्तै र उही समस्या तथा सम्भावनाले काम गर्ने नभए पनि गुणस्तरीय सिकाइको परिवेशमा चाहिँ बाह्य र आन्तरिक प्रभाव रहेको हुन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, विष्णुप्रसाद र अन्य (२०७५), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम :तालिम स्रोत सामग्री,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

..........(२०७६)*कष्टमाइज्ड पुनर्ताजगी तालिम,* राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, कष्टमाइज्ड पुनर्ताजगी तालिम २०७६ (Customized Refresher training- 2020).pdf ।

गैरसरकारी महासंघ नेपाल (२०७४), *दिगो विकास एजेन्डा २०३० र दिगो विकास लक्ष्यहरूबारे जानकारी पुस्तिका,* गैरसरकारी संस्था महासंघ नेपाल ।

घिमिरे, पुण्यप्रसाद र अन्य (२०७३), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अभिमुखीकरण : प्रशिक्षण निर्देशिका,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६,* लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *नेपाली दोस्रो भाषी विद्यार्थीलाई सहयोगका लागि : शिक्षण स्रोत सामग्री,* लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *शिक्षक निर्देशिका, मेरो नेपाली, कक्षा ३,* लेखक ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार,* इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

बन्धु, चूडामणि (२०७०), *भाषाविज्ञानका सम्प्रदाय,* चौथो संस्करण, एकता बुक्स ।

भट्टराई, रमेश (सन् २०२१), पठन सिप विकासमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सान्दर्भिकता, *एमसी जर्नल,* आदर्श बहुमुखी क्याम्पस, अङ्क २, पृ. १३६-१५५ ।

मेयर, रेनो (सन् २०१९), दिगो विकास लक्ष्य हासिल गर्न भौगोलिक र सामाजिक असमानता सम्बोधन, *डेभलपमेन्ट इड्भोकेट नेपाल, नेपाल र एजेन्डा २०३० दिगो विकास लक्ष्यको पथमा,* संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम युएन हाउस ।

युएसएआईडी तथा शिक्षा मन्त्रालय (सन् २०१७), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम,* राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि सामाजिक तथा सामुदायिक परिचालन रणनीति, लेखक ।

राई, झुमप्रसाद र अन्य (२०७३), *प्रारम्भिक कक्षा पठन सिप विकास :शिक्षक स्रोत सामग्री,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

राष्ट्रिय योजना आयोग (सन् २०१०),*सारांश सहस्राब्दी विकास लक्ष्यहरू :स्थिति तथा आवश्यकता,* लेखक ।

राष्ट्रिय योजना आयोग (सन् २०१७), *दिगो विकास लक्ष्यहरू :वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-२०३०,* लेखक ।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१),* लेखक ।

राष्ट्रिय योजना आयोग (२०७७), *प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८,* लेखक ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७९), *अभिभावक शिक्षा :सहजकर्ताको लागि सन्दर्भ सामग्री,* लेखक ।

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२),* लेखक ।

शिक्षा मन्त्रालय (२०७०), राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (२०१४/१५-२०१९/२०), *कार्यक्रम दस्तावेज,* लेखक ।

शिक्षा मन्त्रालय (२०७२), *सबैका लागि शिक्षा :राष्ट्रिय समीक्षा प्रतिवेदन २००१-२०१५,* लेखक ।

शिक्षा मन्त्रालय (२०७३), *विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७९/८०),* लेखक ।

शिक्षा विभाग (२०७४), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम :कार्यान्वयन मार्गदर्शन २०७४,* लेखक ।

श्रेष्ठ, अनुपमचन्द्र र अन्य (२०७६), *प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको सिकाइ तथा विकासस्तर परीक्षण २०७५,* शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

श्रेष्ठ, किसोर र दाहाल मीनाक्षी (२०७५), *स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि स्रोत पुस्तिका,* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

Dawking, R. (2010). *The greatest show on earth : The evidence for evolution.* Black Swan.

Dubeck, M. M. & Gove, A. (2015). The early grade reading assessment (EGRA): Its theoretical foundation, purpose and limitations. *International Journal of Educational Development*. 40 (2015) 315–322. DOI: 10.1016/j.ijedudev.2014.11.004.

Khanal, P. (2017). *A report on classroom-based early grade reading assessment-2017.* Education Review Office.

National Statistics Office (2021), *National population and housing census national report on caste/ethnicity, language & religion* 2021. Author.

Tomkinson, Karyn (2016). *Indiana reading evaluation and determination (Iread-3) assessment and third grade retention : Findings from school administrators.* PhD Dissertation. Ball State University.

(विद्यावारिधिका क्रममा आवश्यक तथ्याङ्कसँग सम्बन्धित रहेर यो अध्ययन गरिएको छ । यस कार्यमा आर्थिक सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरप्रति हार्दिक आभार व्यक्त गर्दछु ।)